लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डुँडे नुवाकोट

बागमती प्रदेश,

प.सः-२०७७/०७८

च.नः- १२६१

मितिः-२०७७।१२।२५

श्री सबै वडा कार्यालय,

लिखु गा.पा

बिषयः- सूचना प्रकाशित गरिएको

बागमति प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आ.ब. ०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रमको शसर्त अनुदान अन्तर्गत नुवाकोट जिल्ला लिखु गाउँपालिकामा आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम संचालन गर्नका लागि आमा र बाबु विहिन १८ बर्ष उमेर पुरा नगरेका बालबालिकालाई भत्ता प्राप्त गर्न योग्य बालबालिकाको लागि स्थानीय तहले १५ दिनको सूचना प्रकाशित गर्नु पर्ने भएकोले मिति २०७७।१२।२५ गते बाट १५ दिने सूचना प्रकाशित भएको छ। यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नुहुन तपसील बमोजिमका विवरण सहित सामाजिक विकास शाखा तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक समाज कल्याण इकाई लिखु गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

<u>पेश गर्नुपर्ने कागजातहरु</u>

(क) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता भएका नागरिकता प्रमाणपत्रको प्रतिलिपि)

(ख) आमा र बाबु दुवैको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि, वा दुवै बेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बन्चितीमा परेको प्रमाणित कागज।

(ग) विद्यालयमा भर्ना भई नियमिति विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ बर्ष पुरा गरेको बालबालिको हकमा मात्र)

(घ) सम्बन्धीत बालबालिकाको संरक्षक हो भनी वडाले दिएको सिफारिस पत्र ।

भेष बहादुर कुँवर

प्रमुख प्रशासकीय अधिकृत